रू.जि.प्र.शा.का. द.नं. ५६, ०५७/०५८
रू.जि.हु.द.नं. २३, ०६५/०६६
मेचीकाली सन्देश

# न्यू होराइजनमा एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान



बुटवल, असार १६ (मेसस) । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलमा माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याएका विद्यार्थी तथा अभिभावकहरुलाई सम्मान गरिएको छ । सोमबार विद्यालयमा बधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरी सम्मान गरिएको हो ।

विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायको अध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र कसजूको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य उपाध्यायले गुणस्तरीय शिक्षाका लागि विद्यालय सधैँ दत्तचित्त रहेको बताए । शिक्षक, विद्यार्थी र अभिभावकहरुको मेहेनतकै कारण संस्थागततर्फ बुटवलमा पहिलो र न्यू होराइजनको इतिहासमै सर्वोकृष्ट नतिजा आएको उनले बताए । यहाँ अध्ययन गर्न चाहाने विद्यार्थीका लागि छात्रवृतिको समेत व्यवस्था गरिने उनले बताए ।

विद्यालयका अध्यक्ष कसजुले उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं उज्जवल भविष्यको शुभकामना प्रदान गरे । कार्यक्रममा बोल्दै ४ जीपीए ल्याएका विद्यार्थी बेदान्त गौतमले न्यू होराइजनमा अध्ययनका लागि उत्कृट शैक्षिक वातावरण रहेको बताए । साथै उनले आगामी शैक्षिक यात्रापनि यसै विद्यालयबाटै अघि बढाउने योजना बनाएको बताए ।

यस्तै अभिभावक गंगाराम भट्टराई र सुमित्रा शर्मालागायतले बोल्दै हरेक वर्ष उत्कृट नतिजा र राम्रो शैक्षिक वातावरण भएका कारण बुटवल बाहिरका विद्यार्थी र अभिभावकको रोजाइमा न्यू होराइजन पर्ने गरेको बताए । एसईईपछिको उच्चशिक्षामा बालबालिकाहरुको रुचि र चाहाना अनुसारको विषय छनोट गरी भर्ना गरेमा सफल हुन सकिने बताउँदै उत्कृष्ट नतिजाका लागि विद्यालय परिवारलाई धन्यवाद व्यक्त गरे ।

एसईईमा न्यू होराइजनबाट ११ जना विद्यार्थीले ४ जीपीए, १२५ जना विद्यार्थीले 'ए प्लस', ९९ जना विद्यार्थीले 'ए', ५९ जना विद्यार्थीले 'बी प्लस' र ६ जना विद्यार्थीले 'बी' ग्रेड ल्याउन सफल भएको विद्यालयका उपप्राचार्य बासुदेव अर्यालले जानकारी दिए । विद्यालयका उपप्राचार्य बालकृष्ण भण्डारीको स्वागत तथा शिक्षक प्रकाश गौतमको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# नवीनमा एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान

बुटवल, असार १६ (मेसस) । नवीन औद्योगिक कदरबहादुर रीता मावि बुटवलमा बुटवलमा माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी तथा अभिभावकहरुलाई सम्मान गरिएको छ ।

कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पस तानसेनका उपप्राध्यापक तथा विद्यालयका अभिभावक टेकराज पन्थी, सहायक प्रधानाध्यापक तथा शिक्षा समूह इन्चार्ज रोमनाथ घिमिरे, विज्ञान समूह इन्चार्ज लक्ष्मीनारायण चौधरी, भौतिकशास्त्र विषयका संयोजक बाबुराम पौडेल, ४ जीपीए ल्याउने विद्यार्थी आर्यन पौडेल, मेधावी विद्यार्थी निर्माण पन्थी, प्रतिज्ञा चन्द र नवीन विद्यार्थी क्लबकी सचिव समीक्षा कुँवर लगायतले आआफ्नो धारणा राखेका थिए ।



कार्यक्रममा ४ जीपीए ल्याउने विद्यार्थी आर्यन पौडेल, उनका बुबा दिलबहादुर पौडेल र आमा कल्पना केसी पौडेलसँगै उत्तीर्ण सबै विद्यार्थीहरूलाई सम्मान गरिएको थियो ।

२०८१ को एसईई तथा टिएईई परीक्षामा २९६ जना विद्यार्थीहरूले परीक्षा दिएकोमा ३.६ देखि ४ जीपिए ल्याउने ४४ जना, ३.२ जीपीएदेखि ३.६ जीपीएसम्म ल्याउने १०१ जना, २.८ देखि ३.२ जिपिएस सम्म ल्याउने ९२, जना २.४ देखि २.८ जिपिए ल्याउने ३८ जना र २ देखि २.४ जीपीए ल्याउने २ जना गरी २७७ जना विद्यार्थीहरू उत्तीर्ण भएका थिए । समग्रमा विद्यालयको उत्तीर्ण प्रतिशत ९४ प्रतिशत रहेको र जिल्लामा उत्कृष्ट नतिजा प्राप्त भएको विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले जानकारी दिए । कार्यक्रमको सञ्चालन माध्यमिक तहइन्चार्ज कपिलप्रसाद पौडेलले गरेका थिए ।

## कुन पार्टीबाट...

यसैगरी शाह गत चुनावमा रुपन्देही-५ मा एमालेका वासुदेव घिमिरेसँग पराजित भएका थिए । यसैगरी ढकाल प्रदेश सभाअन्तर्गत रुपन्देही ३ को १ मा एमालेका तुलसीप्रसाद चौधरीसँग पराजित भएका थिए ।

उता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट दीपक बोहराका छोराहरु क्याप्टेन गौरव बोहरा, प्रज्ज्वल बोहरा, नातिनी स्वाती थापा, पूर्व मेयर सागरप्रताप राणालगायत आकांक्षी छन् । गौरव र प्रज्ज्वल दीपक बोहराका दुई श्रीमतीका छोराहरु हुन् । गौरवभन्दा प्रज्ज्वल आफ्ना बुबाको निर्वाचन क्षेत्रका मतदातासँग बढी घुलमिल छन् । पार्टीबाट धेरै जना आकांक्षी हुनु स्वाभाविक भएपनि अहिलेसम्म पार्टीले टिकट दिने विषयमा प्रवेश नगरेको र समय आएपछि सर्वसम्मतरुपमा पार्टीले जित्ने गरी एकजनालाई टिकट दिइने राप्रपा प्रदेश अध्यक्ष प्रदीप उदयले बताए ।

रुपन्देही-३ को उपनिर्वाचनलाई रास्वपाले निकै महत्वका साथ लिएको छ । उसले यहाँ जसरी पनि जित निकाल्ने गृहकार्यमा रहेको पार्टीका नेताहरु बताउँछन् ।

रास्वपाका ती नेताले यो क्षेत्रमा रास्वपाले जित्ने माहोल देखेको खण्डमा सरकारले चुनावै नगराउने खतरा रहेको आशंकासमेत व्यक्त गरे । 'कांग्रेस र एमाले उम्मेदवारले जित्ने अवस्था नदेखे यहाँ सरकारले चुनाव नगराउन सक्छ किनभने यो चुनावको नतिजाले २०८४ को चुनावको नतिजालाई असर गर्छ,' ती नेताले विश्लेषण सुनाए । २०७९ को चुनावमा यो क्षेत्रमा रास्वपा समानुपातिकतर्फ १४ हजार १५४ मतसहित तेस्रो धेरै मत पाएको थियो ।

रुपन्देही क्षेत्रनम्बर ३ मधेशी समुदायको उल्लेख्य मत रहेको क्षेत्र हो । त्यसैलाई मध्यनजर गरेर अहिले संघीय लोकतान्त्रिक मोर्चाले साझा उम्मेदवार अघि सार्ने तयारी गरेर छलफल चलाएको छ । अलग-अलग जाँदा जित्न नसक्ने निष्कर्षसहित मधेश केन्द्रित सात दल छलफलमा जुटेका हुन् । उपचुनावमा साझा उम्मेदवार बनाएर जानेबारे छलफल भए पनि कुनै सहमति नभएको र थप छलफलका लागि आइतबार दिउँसो बैठक बस्ने राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले बताए ।

२०७४ भदौ १५ मा निर्वाचन क्षेत्र निर्धारण आयोगले नेपाल सरकारलाई प्रतिवेदन बुझाएपछि रुपन्देहीमा निर्वाचन क्षेत्र नम्बर ३ को भूगोल नयाँ भएको हो । जसअनुसार रुपन्देही-३ मा शुद्धोधन गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, सियारी गाउँपालिकाको वडा नं १ देखि ३, ६ र ७, ओमसतिया गाउँपालिकाको वडा नं २, मायादेवी गाउँपालिकाको वडा नं ७ र ८, तिलोत्तमा नगरपालिकाको वडा नं १३ र १४ र बुटवल उपमहानगरपालिकाको वडा नं १४ देखि १९ वडा समेटिएको छ ।

२०४८ सालमा कांग्रेसका रामकृष्ण ताम्राकारले चुनाव जितेको यहाँ ०५१ मा एमालेका धनपति उपाध्यायले जितेका थिए । उपाध्यायको निधनपछि रिक्त रहेको सो क्षेत्रमा उपचुनाव हुँदा २०५२ मा एमालेकै घनश्याम भुसालले जितेका थिए । २०५६ सालमा फेरि कांग्रेसका ताम्राकारले जिते भने २०६४ सालमा क्षेत्र पुनर्संरचना भएपछि कांग्रेसकै बालकृष्ण खाँण निर्वाचित भए । २०७४ सालमा नेपाली कांग्रेसले दीपक बोहरालाई उम्मेदवार बनाएर बालकृष्ण खाँणलाई समानुपातिक सांसद बनाएको थियो । तर, एमालेका तर्फबाट घनश्याम भुसालले ३२ हजार ८६६ मत ल्याएर जिते । बोहराले २७ हजार ४२२ मत ल्याएका थिए । त्यतिबेला एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए । २०७९ सालमा दीपक बोहोरा राप्रपाबाट एमालेको साथ पाउँदै विजयी हुँदा कांग्रेसका बालकृष्ण खाँण दोस्रो भएका थिए । वि.सं. २०७९ सालको निर्वाचनमा रुपन्देही-३ मा नेपाली कांग्रेसले समानुपातिकतर्फ २० हजार २७८ मत पाएको छ । एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाको १४ हजार १५४ मत छ । राप्रपाले भने जम्मा ९ हजार १८३ मत पाएको थियो । त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपाले ५ हजार मत पाएको थियो । लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७००, माओवादी केन्द्रले २ हजार ६०० सय, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो) ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ समानुपातिक मत पाएका थिए ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **जाफरी आयल सप्लायर्स** प्रोप्राइटरको नाम : **जावेद जाफरी** प्रा.फ.र.नं. : २७३६२/०६८
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही दर्ता मिति : २०६८/०७/२८
फर्मको ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं.२ स्थायी लेखा नं. : ३०५१४४०२७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं. ११ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जावेद जाफरी** (ना.प्र.नं. : ३६११४/जारी मिति : २०६३/०१/२५ जारी गर्ने जिल्ला : रुपन्देही)

२) हसिम मियाको बुहारी महम्मद खलिदा मियाको पत्नी स्याङजा जिल्ला पुतलिबजार न.पा. वडा नं. ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जैतुन मिया** (ना.प्र.नं. : ६८८ जारी मिति : २०४१/०३/०६ जारी गर्ने जिल्ला : स्याङजा)

३) महम्मद खलिदा मियाको बुहारी जावेद जाफरीको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. ६ हाल, बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **मिनाक्षी भण्डारी** (ना.प्र.नं. : ३७१०६९/५/८६६० जारी मिति : २०६४/११/३० जारी गर्ने जिल्ला : रुपन्देही)

४) हसिम मियाको नाति महम्मद खालिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **नावेद जाफरी मिया** (ना.प्र.नं. : ३७-०२-७३-०४७०८ जारी मिति : २०७३/०७/०३ जारी गर्ने जिल्ला : रुपन्देही)

५) हसिम मियाको नातिनी महम्मद खालिदा मियाको छोरी रुपन्देही जिल्ला बुटवल वडा नं. ११ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **सविना सुल्ताना** (ना.प्र.नं. : ३७-०२-७०-०४२३४ जारी मिति : २०७०/०५/१८ जारी गर्ने जिल्ला : रुपन्देही)

**ख) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा र डिमाण्ड लोन**

**ऋणीको विवरण**

नाम : **जाफरी पेट्रोलियम** प्रोप्राइटरको नाम : **जैतुन मियाँ** प्रा.फ.र.नं. : ३५५४३/०७२
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही दर्ता मिति : २०७२/०४/११
फर्मको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. २० स्थायी लेखा नं. : १०६१२३५३८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हसिम मियाको बुहारी महम्मद खलिदा मियाको पत्नी स्याङजा जिल्ला पुतलिबजार न.पा. वडा नं. ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जैतुन मिया** (ना.प्र.नं. : ६८८ जारी मिति : २०४१/०३/०६ जारी गर्ने जिल्ला : स्याङजा)

२) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं. ११ हाल, बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **जावेद जाफरी** (ना.प्र.नं. : ३६११४/जारी मिति : २०६३/०१/२५ जारी गर्ने जिल्ला : रुपन्देही)

३) महम्मद खलिदा मियाको बुहारी जावेद जाफरीको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. ६ हाल, बुटवल उ.म.न.पा. वडा नं.९ बस्ने **मिनाक्षी भण्डारी** (ना.प्र.नं.: ३७१०६९/५/८६६० जारी मिति : २०६४/११/३० जारी गर्ने जिल्ला :रुपन्देही)

४) हसिम मियाको नाति महम्मद खालिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **नावेद जाफरी मिया** (ना.प्र.नं. : ३७-०२-७३-०४७०८ जारी मिति : २०७३/०७/०३ जारी गर्ने जिल्ला : रुपन्देही)

५) हसिम मियाको नातिनी महम्मद खालिदा मियाको छोरी रुपन्देही जिल्ला बुटवल वडा नं. ११ हाल बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **सविना सुल्ताना** (ना.प्र.नं. : ३७-०२-७०-०४२३४ जारी मिति : २०७०/०५/१८ जारी गर्ने जिल्ला : रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८२/०१/१२ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०२/२२ को बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| जैतुन मिया | रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ११ | ०९८११९८०५ | २०९ | ७९.२४ |
| | | | २३२ | १०७.०५ |
| | रुपन्देही जिल्ला मोतिपुर वडा नं. ८ | ८च | ४८१ | १,६०८.५४ |
| | | | ४८२ | ३३८.६४ |
| | रुपन्देही जिल्ला बसन्तपुर वडा नं. २ | २क | ८२८ | ९३५.४९ |
| | | | ७५० | ११८.५० |
| | | | ८९७ | ४२३.३० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/३१ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय बुटवल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/३२ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय बुटवलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel: 01-5970887, Toll Free No.: 16600149999 (NTC),
Toll Free No: 18102149999 (Ncell), Web: www.muktinathbank.com.np, E-mail: info@muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा तथा डिमाण्ड लोन**

**ऋणीको विवरण**

नाम : **निक ब्रदर्श अटोल्याण्ड प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : नरेश जि.सि.
दर्ता नं. : २५३५४६/०७७/०७८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति २०७७/१०/०९
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०९९१२८९२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) दुर्गा बहादुर धर्ती क्षेत्रीको नाति ददि बहादुर जि.सि.को छोरा रुपन्देही जिल्ला ख.बनगाई वडा नं. ८ हाल, बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने **नरेश जि.सि.** (ना.प्र.नं. : २८८१६ जारी मिति र जिल्ला : २०६१/११/२४, रुपन्देही)

२) ददी बहादुर जि.सी.को बुहारी नरेश जि.सि.को पत्नी रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ हाल, वडा नं. ८ बस्ने **बिनिता जि.सि.** (ना.प्र.नं. : ३७-०२-७४-०९२०८ जारी मिति र जिल्ला : २०७४/१०/०९, रुपन्देही)

**ख) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

ददी बहादुर जि.सी.को बुहारी नरेश जि.सि.को पत्नी रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ हाल, वडा नं. ८ बस्ने **बिनिता जि.सि.** (ना.प्र.नं. : ३७-०२-७४-०९२०८ जारी मिति र जिल्ला : २०७४/१०/०९, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

दुर्गा बहादुर धर्ती क्षेत्रीको नाति ददि बहादुर जि.सि.को छोरा रुपन्देही जिल्ला ख.बनगाई वडा नं. ८ हाल, बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने **नरेश जि.सि.** (ना.प्र.नं. : २८८१६ जारी मिति र जिल्ला : २०६१/११/२४, रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# प्रादेशिक अस्पताल निर्माण तीन वर्षमै सक्ने तयारी

बुटवल, असार १६ (मेसस) । लुम्बिनी प्रादेशिक अस्पतालको नयाँ आधुनिक भवन निर्माणको काम तीव्र गतिमा अगाडि बढेको छ । पाँचवर्षे आयोजनालाई तीन वर्षमै सक्ने गरी निर्माण कम्पनीले कामलाई तीव्रता दिएको हो ।

मुलुकमै सबैभन्दा ठूलो र अत्याधुनिक सुविधासहितको सरकारी अस्पताल बन्ने उद्देश्यसाथ निर्माण भइरहेको यो भवनले छोटो अवधिमै उल्लेखनीय प्रगति गरेको हो । निर्माण कार्यको जिम्मा लिएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका अनुसार हालसम्म अस्पतालको भौतिक प्रगति २६ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति १६ प्रतिशतको हाराहारीमा रहेको छ । यो निर्माण सुरु भएको करिब चार महिना अवधिको तथ्याङ्क हो ।

मुख्य संरचना बेसमेन्टसम्म तयार, क्यान्सर भवनको ढलान सम्पन्न भइसकेको छ । हाल अस्पतालको मुख्य भवनको दायाँ, बायाँ र बिच भागमा बेसमेन्टको काम सम्पन्न भइसकेको छ । प्राधिकरणका साइट इन्जिनियर शंकर सुवेदीले दोस्रो बेसमेन्टको ढलान सकिएको र लेफ्ट विङको पहिलो बेसमेन्टको ढलानका लागि छड बुन्ने कार्य भइरहेको जानकारी दिए ।

त्यस्तै, क्यान्सर उपचार भवनको र्‍याफ्ट फाउण्डेसनको ढलानसमेत पूरा भइसकेको छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत इन्जिनियर छवि पोखरेलले हालसम्मको कार्ययोजना र प्रगति तुलना गर्दा काम निर्धारित ढाँचामा अघि बढेको बताए । आयोजनाको प्रगतिबारे जानकारी दिन सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले कुनै प्राकृतिक विपत्ति वा आर्थिक संकट नभएमा यो आयोजना सम्झौता भएको समयभन्दा अघि नै सम्पन्न हुने दाबी गरे ।

**पाँच वर्षभित्र ६ अर्ब १८ करोडको परियोजना**

सरकारले दुई भवन, उपकरण र आन्तरिक व्यवस्थापनसहित अस्पतालको लागत आठ अर्ब ९९ करोड ७५ लाख ६४ हजार १९९ रुपियाँ रहने अनुमान गरेको छ । भवन निर्माणको जिम्मा भारतीय कम्पनी क्याम्पासाइट र नेपाली कम्पनीहरू आशिष कन्स्ट्रक्सन र रेलिगेर सम्मिलित संयुक्त संस्थालाई दिइएको छ ।

वि.सं.२०८० पुस २६ गते सम्झौता भई माघ १८ गतेदेखि निर्माण कार्य प्रारम्भ गरिएको हो । प्राधिकरणका साइट इन्जिनियर सुवेदीले पाँच वर्षको म्याद (२०८५ पुस २५) भित्र ६ अर्ब १८ करोड रुपियाँमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको बताए ।

## पशु आहारा...

नीति तथा व्यवहारमा सुधार नगरे आयात बढ्दो क्रममा रहनेछ, जुन आर्थिक सन्तुलन र कृषिमा आत्मनिर्भरताको उद्देश्यसँग मेल खाने छैन ।' संघका अध्यक्ष सापकोटा भन्छन् ।

**भारत र भियतनामबाट पनि आउँछ माछा**

नेपालमा दाना मात्रै होइन, विदेशबाट माछाको समेत आयात हुँदै आएको छ । विगत पाँच वर्षमा झन्डै ५० हजार मेट्रिक टन खाने माछा आयात गरिएको छ, जसमा सन् २०७७/७८ मा २२२२.५७ मेट्रिक टन र २०७८/७९ मा १५८८.५८ मेट्रिक टन थियो । अझ खुला सीमानाको दुरुपयोग गर्दै भारतबाट लुकिछिपी आउने माछाको संख्या त धेरै नै रहेको छ । सीमाक्षेत्रमा पोखरी नै खनेर भारतबाट तस्करी गरी ल्याएका माछा त्यहीँ राख्ने र नेपालीभन्दै बेच्ने गरेको माछापालकहरुको गुनासो छ ।

बैखी नामको माछालाई पानीबाट बाहिर निकालेर झण्डै १५ मिनेटसम्म बोरामै प्याक गरेपनि जीवितै राख्न सकिने भएकाले त्यसप्रकारका माछाको तस्करी भइरहेको किसानहरुको दाबी छ । भियतनामलगायतका समुन्द्री मुलुकबाट त माछाका तयारी टुक्राहरु नै प्याकिङ गरेर आयात भइरहेको छ ।


**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
**तिनाउ सेनेटरी**
बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्
**पाल्पाली मगर सेनेटरी**
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

**ट्वाइलेट सफा गराउनु परेमा**
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**गगन सेनेटरी**
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२


मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागि: अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालय: बुटवल-९, मिलनचोक, रुपन्देही, फोन: ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालय: भैरहवा फोन: ०७१-५७६१३६